


## मेरो कथा, मेरो व्यथा

motiramtimalsina@gmail.com

# पागल प्रेम पछि छोरीको हत्या

उमेरले पाको भइसकें। धेरैजसो मान्छेले मलाई किसान, बुढो बा भनेर चिन्छन्। तर आज म त्यो परिचय होइन, एक बाबुको चित्कार लिएर तपाईं सामु उभिएको छु। जसले आफ्नै छोरीको लास चिनेको छ। मेरो जीवनमा त्यस दिनले जुन आगो लगायो, त्यो अहिलेसम्म निभेको छैन।

शर्मिला मेरी छोरी। सानैदेखि ऊ अलिक फरक थिई। अलिक बढी जिद्दी, अलिक बढी सोझी। भुइँमा लडे पनि रूँदिनथी। स्कूलमा पहिलो पंक्तिमा बस्ने, मसँग रिसाएर पनि राति निदाउन आउँथी। उसको हाँसो सुनिंदा मलाई लाग्थ्यो, म किसान होइन, राजा हुँ। म उनलाई खेत किन जानु भनेर कराउँथें, ऊ लुकीलुकी गोरू पछ्याउँथी। जीवनभर उसको त्यो आँखा जुन आँट र सपना बोकेको थियो मेरो स्मृतिमा बस्नेछ। उमेर बढ्दै जाँदा उसले प्रेम गऱ्यो। म विरोधी थिइनँ। उसको पहिलो विवाह उसकै इच्छाले भयो। हामीले आशीर्वाद दियौं। तर जीवन सबैका लागि एउटै कथा होइन। त्यो सम्बन्ध टिकेन। केही वर्षपछि सम्बन्ध विच्छेद भयो। उनले दोस्रो विवाह गरिन्। बच्चा पनि जन्मिए दुईवटा। मलाई लागेको थियो, अब उसको जीवन सामान्य बन्नेछ। तर त्यो सम्बन्ध पनि भत्कियो। मैले छोरीलाई बुझ्न खोजें। ऊ भन्थी, बाबा, जीवनमा दुई चोटि गल्ती भयो भनेर तेस्रो चोटि म बाँच्न नपाउनु भन्ने त होइन नि ! म चुप लाग्थें। बुढो मान्छे, भूतपूर्व सैनिक पनि, तर छोरीको साहस देख्दा म नि नतमस्तक हुन्थें।

त्यसपछि ऊ बनेपा बस्न थाली। नानीहरु पढाउँथी, सानो व्यापार गर्थी। काठमाडौंबाट साबुन, फेन्सी समान ल्याएर बेच्थी। मसँग फोनमा कहिले मीठा कुरा, कहिले झर्को। तर मेरो मन खुसी थियो, छोरीले जिन्दगी सम्हालेकी छे। केही समयपछि उनले मलाई सन्तोष सुनारको कुरा बताइन्। भनिन् बाबा, ऊ राम्रो मान्छे हो। मलाई बुझ्छ। मैले भनें अब तिमीलाई जे मन पर्छ, गर। तर चोखो साथ खोज, विश्वासिलो साथ खोज। म बुढो भए पनि मन बाघ हो। छोरी दुःखमा परोस् भनेर कहिल्यै चाहिन। तर कहिल्यै सोचेको थिइनँ। त्यही प्रेमी बन्ने सन्तोष नै उसको ज्यान लिनेछ।

२०८२ सालको असार ३२ गतेको दिन थियो। बिहान फोनमा कुरा भएको थियो। उनी काम छ भन्दै निस्किइन्। त्यो नै अन्तिम संवाद भयो। साँझसम्म सम्पर्क भएन। म डराउँदै बनेपातिर लागें। नानीहरु छिमेकीकहाँ थिए। डेरा बन्द। मोबाइल अफ। मनमा चिसो पस्यो। भोलिपल्ट पुलिसमा निवेदन दियौं। हराएको रिपोर्ट लेखाइयो। हामीले अनुमान पनि गर्न सकेनौं कहाँ गइन् होला, कसको साथमा ? तीनदिन बित्दा पनि केही पत्ता लागेन। मन अब निराश हुँदै गयो। साउन ४ गते दिउँसो प्रहरीबाट फोन आयो एक महिलाको शव फेला परेको छ, भगवान थुम्की सामुदायिक जंगलमा। तपाईं आउनुस्। म गएँ। जंगलमा पुग्दा रूखमुनि ढाकिएको, अर्धनग्न अवस्थामा लास थियो। अनुहार चिन्न सकिने अवस्थामा थिएन। तर म बाबु हुँ। मैले चिनें त्यो मेरी छोरी हो। उसको कानको लौंगो, हातको चुरा सबै बोले, बाबा, म यहीं हुँ।

त्यो क्षण... त्यो क्षण मेरो आत्मा च्यातियो। छातीमा आगो सल्क्यो। म त्यही ढुंगामा बसेर चिच्याएँ किन हँ छोरी ? तिमी बाँच्न खोजेकी थियौ, मर्न हैन। प्रहरी अनुसन्धान अघि बढ्यो। शवको परीक्षण भयो। घाँटी थिचेर हत्या गरिएको रिपोर्ट आयो। शरीरभर नीलडाम। उनको मोबाइल, पछिल्लो लोकेशन, फोन संवाद हेर्दै जाँदा अनुसन्धानको दिशा स्पष्ट हुन थाल्यो। त्यो रात, प्रहरीले सन्तोष सुनारलाई पक्राउ गऱ्यो। बनेपाकै ईंट्टाभट्टाको छेउमा लुकी बसेको अवस्थामा। प्रारम्भिक बयानमै उसले भन्यो शर्मिलाले मलाई धोका दिइन्। अर्कैसँग जान खोजिन्। त्यसैले मारें। त्यो सुन्दा मेरो रगत उम्लियो। धोका ? छोरीले प्रेम गर्नु पाप थियो ? वा अपराध थियो ? तर विवाह नगर्न खोज्दा मारिनुपर्ने हो ?

समाजसँग पनि मेरो गुनासो छ। मेरी छोरीले दुइटा विवाह गरिन् हो, तर त्यो उनका जीवनका पाटाहरु थिए। उनले दुईटा बच्चा जन्माइन् ती उनको आशा थिए। तर समाजले उनलाई कहिल्यै स्विकार्न सकेन। एक स्वतन्त्र महिला, जो आफ्नै बलबुताले उभिन खोजिरहेकी थिई, समाजको नजरमा सकिएकी देखिइन्। अनि जब उनले फेरि प्रेम गरिन् त्यो प्रेम स्वामित्वमा बदलियो। सन्तोषले मेरी छोरीलाई नियन्त्रण गर्न खोज्यो। जब सकिएन, हत्या गऱ्यो। जंगलमा लगेर, एक्लै पारेर, चुपचाप हत्या गऱ्यो त्यसपछि लास छोडेर भाग्यो। त्यसपछि म प्रहरी कार्यालयमा पुगें। बुढो मान्छे न्यायका लागि जति दौडनु परे पनि दौडिन्छु। पक्राउ परेको केही घण्टा पछि सन्तोषले प्रहरीसमक्ष दिएको बयान मेरो कानमा गुञ्जिरहे जस्तो लाग्छ। उसले ढुक्क भएर भनेछ, मैले उसलाई मारें। मलाई थाहा थियो, अब ऊ मेरो हुनेवाली होइन। उसले अन्तै प्रेम गर्न थालेकी थिई। मैले सोचें यदि ऊ मेरी होइन भने, कसैकी पनि हुने दिन्न। सन्तोषले केही दिनदेखि नै शर्मिलालाई मानसिक दबाव दिन थालेको रहेछ। फोनमा धम्की दिने, भेट्न बोलाएर रिसाउने, अनि बारम्बार एउटै कुरा दोहोर्याउने मसँग बिहे गर, नत्र नराम्रो हुन्छ। ती दिनहरुमा शर्मिलाले मोबाइलबाट केही कुराहरु हटाएकी थिई। तर केही च्याटहरु फिर्ता ल्याएर हेर्दा पत्ता लागेछ उनी उसबाट टाढा जान चाहन्थिन्। स्वतन्त्र भएर बाँच्छु भनेर निर्णय गरेकी थिइन्।

हत्या भएको दिन साउन ४ गते उसले शर्मिलालाई 'अन्तिम कुरा' गरौं भनेर बोलाएको रहेछ। बनेपामा मजदुरी गरेर बस्ने भए पछि उसले अलिक टाढा एकान्त स्थान रोजेर बनेपामा रहेको भगवान थुम्की जंगलतिर लगेछ। जंगल भित्रको एकान्त ठाउँमा लगेर उसले पहिले प्रेम, अनि डरको कुरा गर्दै गाली निन्दा गऱ्यो। त्यसपछि घाँटी समातेर थिचिदियो। घाँटी थिचेर हत्या गरेपछि,उसले त्यहीं छोडिदियो रूखमुनि। जंगलको जरा-माटोले मेरो छोरीको लाश छोप्न सकेन। कुकुरहरु कराउन थालेपछि स्थानीयले प्रहरी बोलाए अनि लास भेटियो। जति चोटि उसले मसँग टाढा जान खोजी, मलाई आफ्नो इज्जत गुमेकोजस्तो लाग्यो। म उसलाई गुमाउन सक्दिनथें। मेरो जीवन बर्बाद बनाएको छ। उसले मलाई प्रयोग मात्र गऱ्यो। प्रयोग के हो, अनि विश्वास के हो ? यदि प्रेममा स्वामित्व हावी भयो भने, त्यो प्रेम हुन्न, त्यो त हिंसा हो। हिंसा अपराधमा परिणत हुन पुग्यो।

जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रहरी नायब उपरीक्षक मिन बहादुर घलेले छोरी र पक्राउ परेका युवा २ वर्ष देखि सम्बन्धमा रहेको पुष्टि गराएका थिए। दुई वर्षको सम्बन्ध विवाहमा परिणत गर्न नमानी अर्को पुरुषसँग प्रेम गरेको थाहा पाए पछि जंगलमा पुऱ्याएर हत्या गरिदिएको पक्राउ परेका प्रेमी सन्तोष सुनारले प्रारम्भिक अनुसन्धानका क्रममा बयान दिएका रहेछन्। हामीलाई पनि छोरीले उनैसँग विवाह गर्ने गरी सम्बन्ध रहेको बताएकी थिईन्। २०८२ साउन ४ गते दिउँसो करिब २ बजे बनेपा नगरपालिका १३ को भिरालो जंगलमा चिलाउने रूखको फेदमा पहिचान नखुलेकी एक महिला मृत अवस्थामा फेला परेको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बनेपाबाट प्रहरी टोली खटिएको थियो। धुलिखेल अस्पतालको फरेन्सिक विशेषज्ञ टोली समेत घटनास्थलमा पुगेर प्रारम्भिक अनुसन्धान गरेको थियो। प्रहरीले पछिल्लो पटक शंकास्पद अपराधमा घटनास्थलमा नै विशेषज्ञहरूको टोली लैजाने अभ्यास शुरु गरेको रहेछ।

प्रहरी अनुसन्धानका क्रममा उक्त शव काभ्रेपलान्चोक जिल्ला चौरीदेउराली गाउँपालिका १ डाँडाखर्क घर भई हाल बनेपा नगरपालिका ९ नयाँबस्तीमा बस्दै आएकी ३३ वर्षीया शर्मिला उप्रेतीको भएको खुलेको थियो। उनि मेरी छोरी थिईन्। २०८२ असार ३२ गते देखि शर्मिला बेपत्ता थिइन्। बेपत्ता भएको दुई दिनपछि जंगलमा शव भेटिए पछि घटनालाई रहस्यमय मान्दै प्रहरीले सुक्ष्म अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानको क्रममा प्रहरीले घटनामा संलग्न भएको आरोपमा शर्मिलाका प्रेमी ३७ वर्षीय सन्तोष सुनारलाई हाम्रो नै सुचनाका आधारमा साउन ४ गते राति बनेपा नगरपालिका १० स्थित एक ईंट्टाभट्टाबाट पक्राउ गरेको थियो। सन्तोष रामेछाप जिल्ला मन्थली नगरपालिका १३ का स्थायी बासिन्दा हुन्। कामका सिलसिलामा उनिहरु बीच चिनजान र सम्बन्ध भएको रहेछ। त्यसअघि दुई श्रीमान्बाट एक एक सन्तान जन्मेका भए पनि उनि सँगै बस्न नसकेर एक्लै थिइन्। पुनः उनले सन्तोषसँग सम्बन्ध राख्दै दुई वर्ष देखि सँगै बस्न थालेको खुलेको छ। प्रेममा त्याग हुन्छ। प्रेम प्राप्तीका लागि व्यक्तिको हत्या गर्ने अपराधीलाई हदैसम्मको सजायको अपेक्षा गरेको छु।

> *प्रारम्भिक बयानमै उसले भन्यो शर्मिलाले मलाई धोका दिइन्। अर्कैसँग जान खोजिन्। त्यसैले मारेँ। त्यो सुन्दा मेरो रगत उम्लियो। धोका ? छोरीले प्रेम गर्नु पाप थियो ? वा अपराध थियो ? तर विवाह नगर्न खोज्दा मारिनुपर्ने हो ?*

**कमलबहादुर उप्रेती**
हाल: बनेपा, काभ्रे

**(यो कथा आज बिहीवार बेलुका ८ बजेको स्थानीय समाचारपछि प्राईम एफएम १०४.५ मेगाहर्जमा सुन्न सक्नुहुनेछ।)**

## गजल

यो सन्सारभन्दा बाहिर
त्यो निलो आकासनिर
दिनहु दोउडिरहेछु म कि,
सागर र नदिकिनारतिर
यो सन्सारभन्दा बाहिर
जति नै आफ्नो अनुहार हेरे पनि,
फेरिन्न कैले निधारको तक्दिर
त्यो निलो आकासनिर
पिठ्युमा प्रहार के गर्छौ यार तिमि,
चक्कुनै दिन्छु बरू यो छाती चिर
यो सन्सारभन्दा बाहिर
परखेत बन्धकि राखेर जिन्दगी हैन,
बाचिरहेछन बाबु झन्झिर
त्यो निलो आकासनिर
आसु र पसिनाले भिजेको सरिरमा,
मैले कैले देखिन आमाको पिर
यो सन्सारभन्दा बाहिर
कुकुरलाइ घरभित्र सुताएर पुजारी,
भन्छ जानै दिन्न दलितलाइ मन्दिर"
त्यो निलो आकासनिर
हामी पानीको फोकालाइ छोएर सोध्छौं
जिन्दगानि के नै पो रहेछ आखिर?
यो सन्सारभन्दा बाहिर:
त्यो निलो आकासनिर:

**सुजन बुढाथोकी**

## करेन्ट लागेर नेपालको निधन

मण्डनदेउपुर/मण्डनदेउपुर नगरपालिका वडा नम्बर १० का ६५ वर्षीय शिवप्रसाद नेपालको करेन्ट लागेर निधन भएको छ। प्रहरीका अनुसार नेपाललाई आफ्नै बस्तु बाँध्ने क्रममा गोठमा रहेको मल्टिप्लकबाट विद्युतीय तार निकाल्ने क्रममा करेन्ट लागेको थियो।

तत्काले अस्पताल लैजान क्रममा मनण्डनदेउपुर आधारभुत अस्पताल पुऱ्याए पनि उपचार नहुँदै निधन भएको प्रहरी चौकी हिगुवापाटीले जानकारी दिएको छ। साउन ९ गते दिउँसो २ बजे नेपाललाई करेन्ट लागेको थियो। उपचारका क्रममा दिउँसो ३ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

## सच्चाइएको

मिति २०८२ साउन ८ गते चेष्टा साप्ताहिकको वर्ष ३१ अंक ३९ मा पाँचखाल नगरपालिकाको सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी प्रकशित सूचनामा दरखास्त दिने अन्तिम मिति २०८२।०४।२२ गते हुनपर्नेमा प्राविधिक त्रुटि भई २३ गते हुन गएकाले दरखास्त दिने अन्तिम मिति २०८२।०४।२२ गते भएको बेहोरा सरोकारवालाहरूको लागि जानकारी गराइन्छ।

- नी. प्रमुख प्रशासकीय अधिकृत
**पाँचखाल नगरपालिका**

## धुलिखेल ४ मा जेष्ठ नागरिक पार्क

धुलिखेल, बखुण्डोल/धुलिखेल नगरपालिका वडा नम्बर ४ बखुण्डोलमा जेष्ठ नागरिक पार्क निर्माण गरिएको छ। निर्माण गरिएको पार्कको नगर प्रमुख अशोक ब्याञ्जुले शुभारम्भ गरेका छन्।

धुलिखेललाई बालमैत्री, जेष्ठ नागरिक मैत्री तथा पार्क नै पार्कको शहर निर्माण गर्ने लक्ष्य अनुरूप विभिन्न निकायको सहकार्य तथा नगरपालिका आफ्नै पहल र बजेट व्यवस्थापनमा समेत धुलिखेलमा पार्कहरू निर्माण गरिएको नगर प्रमुख अशोक ब्याञ्जुले बताए। हरेक वडामा पार्क तथा वृक्षारोपण कार्यलाई धुलिखेल नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको नगर प्रमुख ब्याञ्जुले बताए। वडा अध्यक्ष उत्तमप्रसाद तिमल्सिनाले वडाबासीलाई स्वस्थ राख्न, रोग लागे पछि भन्दा पनि रोग लाग्नै नदिन स्वास्थ्यका विभिन्न कार्यक्रमहरू अन्तर्गत जेष्ठ नागरिकहरूका लागि उपयुक्त तथा युवा र बालबालिकाहरूका लागि समेत उपयोग गर्न सकिने फिटनेसका सामाग्री सहितको पार्क निर्माण गरिएको बताए। 'पार्कमा जेष्ठ नागरिकहरूको जमघट तथा विश्रामस्थल, साँझको समयमा खाना पछि



आराम गर्ने स्थलको रूपमा विकसित भएको छ'-वडा अध्यक्ष तिमल्सिनाले भने-'युवा र बालबालिका लक्षित फिटनेसका सामाग्रीहरू पनि समावेश गरिएको छ।'

साँझको समयमा पार्क भरिभराउ हुन थालेको छ। जेष्ठ नागरिकहरूले पार्क निर्माण अत्यावश्यक र महत्वपूर्ण कार्य भएको बताउँदै घाम र पानी पर्दा समेत सहज रूपमा विश्राम लिन सक्ने गरी संरचना निर्माणका लागि सुझाव दिएका छन्। शहरी विकास तथा भवन निर्माण कार्यालयका प्रमुख भुमिनन्द ढकाल, डिभिजन वन कार्यालय अधिकृत पवित्रा तिमल्सिना, स्थानीय संघ संस्थाका प्रतिनिधिहरू, समाजसेवी तथा सरोकारवालाहरू पार्क शुभारम्भ कार्यक्रममा सहभागी थिए। उपभोक्ता समितिका अध्यक्ष पशुपति खत्रीका अनुसार पार्क निर्माणका लागि वडा कार्यालय, धुलिखेल नगरपालिका र डिभिजन वन कार्यालय काभ्रेको सहयोग रहेको छ।

## बीमाको रिफर नाम मात्रैको, नागरिकलाई सास्ती

### बीमा समितिले भन्यो-अहिलेको रिफरलको भुक्तानी हुँदैन

धुलिखेल/स्वास्थ्य बीमा बोर्डले काभ्रेमा तोकिएका प्रथम सेवा बिन्दुबाट रेफरल लेटर दिने काम मात्रै भएको भन्दै ध्यानाकर्षण गराएको छ।

जिल्ला समन्वय समिति काभ्रेको आयोजनामा धुलिखेलमा भएको समन्वयात्मक बैठकमा बीमा बोर्डका प्रदेश संयोजक मनोज पौडेल र जिल्ला प्रमुख मुना निरौलाले आफुले सेवा दिन नसकेमात्रै माथिल्लो निकायमा रेफर गर्ने प्रावधान स्मरण गराएका छन्। उनीहरुले रेफर गरेको मात्रै बीमा बोर्डले भुक्तानी दिन नसक्ने समेत बताएका छन्। सरकारले निर्णय गरिसकेको विषयमा आफुहरूले केहि गर्न नसक्ने भन्दै उनीहरूले निर्णयको कार्यान्वयनमा जोड दिएका छन्।

यसै बिच सरोकारवालाहरुले धुलिखेल अस्पतालाई नै स्वास्थ्य बीमको प्रथम सेवा बिन्दु कायम गर्न काम गरेका छन्। जनशक्ति, भौतिक संरचनालाई बेवास्ता गर्दै अव्यवहारिक रूपमा निश्चित स्वास्थ्य संस्थालाई मात्रै प्रथम सेवा बिन्दु तोक्दा नागरिकले सास्ती खेप्नुपरिरहेको जिल्ला समन्वय समिति काभ्रेका प्रमुख दिपक कुमार



गौतमले बताए। बैठकले प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती गरेर मात्रै प्रथम सेवा बिन्दु तोक्न माग गरेको छ। स्तरोन्तीका लागि ६ महिनाको समय दिएर त्यसअघि धुलिखेल अस्पतालाई प्रथम सेवा बिन्दु तोक्न माग गरिएको समन्वय समिति प्रमुख गौतमले बताए। सेवा सञ्चालनका लागि तयारी अवस्थामा रहेका बनेपा, पाँचखाल, मण्डनदेउपुर नगरपालिका लगायतका पालिकालाई पनि अनुमति दिनका लागि आग्रह गर्ने उनले बताए। १३ वटै पालिकामा कम्तिमा एउटा प्रथम सेवा बिन्दु तोक्न सरोकारवालाले माग गरेका छन्।

कार्यक्रममा पालिकाका प्रमुख/उप-प्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, धुलिखेल अस्पतालका डा. बलराम मल्ल, खुकाई आँखा अस्पतालका हिरामणी शर्मा, जिल्लाका लागि तोकिएका पाँचवटै स्वास्थ्य केन्द्रका व्यवस्थापन समिति अध्यक्ष लगायत सरोकारवालको उपस्थिती रहेको थियो।

## सातको राशिफल (२०८२ साउन १५-२१)



**साप्ताहिक पञ्चाङ्ग** १५ गते खीर खाने दिन।

**मेष** सातको हरेक दिन शुभ रहेको हुँदा अध्ययन अध्यापनमा रुचि हुने, शरीरमा निरोगिता, वाहन सुख मिल्नाले मनमा उत्साह, लामो यात्राको योगको साथै व्यापार व्यवसायबाट पनि लाभ मिल्नेछ। मन्त्र: ॐ भं भं भैरवाय नम:।

**वृष** १५-१६ गते सम्म समय केहि नकरात्मक रहेको हुँदा निद्रामा असुविधा आउनुको साथै घरायसी चिन्ताले सताउला, बाँकीका दिनमा भने सन्तानबाट सुख प्राप्ति, शत्रु भाव मित्रतामा परिणत हुनुको साथै लामो यात्राको योग रहेको छ। मन्त्र: ॐ उमामहेश्वराय नम:।

**मिथुन** सातको मध्य १७-१९ गतेसम्म आफन्तसँग बैरभाव वृद्धि हुनुको साथै जलको भय रहेको हुँदा सजग रहनुहोला, बाँकी दिनहरु शुभ नै रहेको हुँदा विद्यामा रुचि बढ्नुको साथसाथै मित्र सुख पनि मिल्नेछ। मन्त्र: ॐ शं शत्रुदमनाय फट्।

**कर्कट** १५-१९ गते समय ग्रहाँको पक्षमा रहेको भएकोले आकस्मिक धनलाभ, दाजुभाईबाट सहयोग प्राप्ति हुनुको साथै पराक्रम वृद्धि हुनेछ, अन्तिम दुई दिन भने दुस्वप्न दर्शन होला भने पेटमा विकार पनि नआउला भन्न सकिन्न। मन्त्र: ॐ रं रोगमुक्तय फट्।

**सिंह** यो साता पूरै ग्रहाँको पक्षमा रहेका हुनाले मान सम्मान प्राप्ति, साहस र धैर्यता वृद्धि, अधुरा कार्य सहजै सफल हुनेछ, बोलीको प्रभाव बढ्नाले कार्यमा सफलताको साथै बैंक ब्यालेन्स वृद्धि होला।
मन्त्र: ॐ निं निखिलं निं ॐ:।

**कन्या** सातको सुरुको दुई दिन मान सम्मानमा ठेस पर्नुको साथै शत्रु वृद्धि होलान्, बाँकीका दिनमा भने उपहार आदि वस्तु प्राप्ति हुनाले मनमा प्रशन्नता, धन आगमनको नयाँ बाटो वृद्धि सँगै निकट व्यक्तिबाट सहयोग प्राप्ति होला। मन्त्र: ॐ ह्रीं भाग्योदय ह्रीं ॐ:।

**तुला** १५-१६ गतेसम्म उपहार आदि वस्तु लाभ, आय वृद्धि हुनेछ, १७-१९ गतेसम्म मोटो धनराशी खर्चको साथै मनमा खिन्नता बोध होला, २०-२१ गतेसम्म भने शरीरको आलस्यता कम हुनाले शरीर स्फुर्त रहला।
मन्त्र: ॐ क्रीं काल्यै नम:।

**वृश्चिक** १५-१९ गतेसम्म मनमा प्रफुल्लता, पूरै राज्यबाट सहयोग प्राप्ति, जागिरमा सम्मान मिल्नुको साथै बैंक ब्यालेन्स वृद्धि होला, २०-२१ गतेसम्म भने चोटपटकको भय रहेको हुनाले विचार पुऱ्याउनुहोला।
मन्त्र: ॐ नवग्रहभ्यो नम :।

**धनु** आज घरको चिन्ता वृद्धि हुँदा मन खिन्न होला, बाँकी दिनमा मिठा प्रेम वार्तालाभ, मान, पद, ऐश्वर्य वृद्धि, सन्तानबाट सुख प्राप्ति हुनेछ। १७-१९ गतेसम्म चित्तमा चंचलता बढ्ला, बाँकी दिनमा बैंक ब्यालेन्स वृद्धि, घरमा सुख शान्ति वृद्धि हुनेछ।
मन्त्र : ॐ ऐं आरोग्याय ऐं नम:।

**मकर** यो साता हरेक दिन शुभ रहेको हुनाले नवीन कार्यमा सहभागिता, कार्यमा सफलता मिल्नाले आफ्नो कर्म प्राप्ति, धन आगमनको अचुक उपाय प्राप्ति हुनुको साथै मन साताभरि प्रशन्न रहला।
मन्त्र: ॐ ह्रीं बटुक भैरवाय ह्रीं ॐ:।

**कुम्भ** सातको मध्य १७-१९ गतेसम्म समय नकरात्मक रहेको हुनाले झुटा आरोप आउनाले मानसिक चिन्ता वृद्धि होला, बाँकीका दिन भने व्यापार व्यवसायबाट लाभ मिल्नुको साथै गुरुवर्गबाट कृपा मिल्नाले सफल रहला।
मन्त्र: ॐ गुरुदेवाय नम:।

**मीन** १५-१९ गतेसम्म विपरीत लिङ्गबाट सुख प्राप्ति, रोगबाट मुक्ति, आय वृद्धि हुनुको साथै वाहन सुख मिल्ला भने बाँकीका दिनमा समय विपक्षमा रहेको हुँदा मृत्युतुल्य कष्ट आइपर्नुको साथै रोग र शत्रु वृद्धि होलान्। मन्त्र: ॐ श्री श्री सर्वकामनायै श्री श्री नम:।

अच्युतानन्द ज्यो. आयूर्वेदिक औषधालय,बनेपा, पनौतीरोड,गोदामचोक, फोन नं.: ९८४१४३८४२३

alsina@gmail.com

# ...न्या

...म्भक बयानमै
...ासले भन्यो
...ीलाले मलाई
...ोका दिइन्।
...कैसँग जान
...जिन्। त्यसैले
...ँ। त्यो सुन्दा
...रगत उम्लियो।
...? छोरीले प्रेम
...ाप थियो ? वा
...ाध थियो ? तर
...ृ नगर्न खोज्दा
...रिनुपर्ने हो ?

...पालिका १३ का स्थायी बासिन्दा
...का सिलसिलामा उनिहरू बीच
...सम्बन्ध भएको रहेछ। त्यसअघि
...ाट एक एक सन्तान जन्मेका भए
...ी बस्न नसकेर एक्लै थिइन्। पुन:
...थसँग सम्बन्ध राख्दै दुई वर्ष देखि
...ालेको खुलेको छ। प्रेममा त्याग
... प्राप्तीका लागि व्यक्तिको हत्या
...धीलाई हदैसम्मको सजायको
...ो छु।

**...बहादुर उप्रेती**
...ा, काभ्रे

...राज बिहीवार बेलुका ८ बजेको
...समाचारपछि प्राईम एफएम
...हजमा सुन्न सक्नुहुनेछ।)

# गजल

यो सन्सारभन्दा बाहिर
त्यो निलो आकासनिर
दिनहु दौडिरहेछु म कि,
सागर र नदिकिनारतिर
यो सन्सारभन्दा बाहिर
जति नै आफ्नो अनुहार हेरे पनि,
फेरिन्न कैले निधारको तक्दिर
त्यो निलो आकासनिर
पिठ्युमा प्रहार के गर्छौ यार तिमि,
बरू चक्कुले दिन्छु यो छाती चिर
यो सन्सारभन्दा बाहिर
परखेत बन्धकि राखेर जिन्दगी हैन,
बाचिरहेछन बाबु भन्भिर
त्यो निलो आकासनिर
आसु र पसिनाले भिजेको सरिरमा,
मैले कैले देखिन आमाको पिर
यो सन्सारभन्दा बाहिर
कुकुरलाइ घरभित्र सुताएर पुजारी,
भन्छ जानै दिन्न दलितलाइ मन्दिर"
त्यो निलो आकासनिर
हामी पानीको फोकालाइ छोएर सोध्छौ
जिन्दगानि के नै पो रहेछ आखिर?
यो सन्सारभन्दा बाहिरः
त्यो निलो आकासनिरः

**सुजन बुढाथोकी**

# करेन्ट लागेर नेपालको निधन

मण्डनदेउपुर/मण्डनदेउपुर नगरपालिका वडा नम्बर १० का ६५ वर्षीय शिवप्रसाद नेपालको करेन्ट लागेर निधन भएको छ। प्रहरीका अनुसार नेपाललाई आफ्नै वस्तु बाँध्ने क्रममा गोठमा रहेको मल्टिप्लकबाट विद्युतीय तार निकाल्ने क्रममा करेन्ट लागेको थियो।

तत्काले अस्पताल लैजाने क्रममा मनण्डनदेउपुर आधारभुत अस्पताल पुर्‍याए पनि उपचार नहुँदै निधन भएको प्रहरी चौकी हिगुवापाटीले जानकारी दिएको छ। साउन ९ गते दिउँसो २ बजे नेपाललाई करेन्ट लागेको थियो। उपचारका क्रममा दिउँसो ३ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# सच्चाइएको

मिति २०८२ साउन ८ गते चेष्टा साप्ताहिकको वर्ष ३१ अंक ३९ मा पाँचखाल नगरपालिकाको सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी प्रकाशित सूचनामा दरखास्त दिने अन्तिम मिति २०८२।०४।२२ गते हुनपर्नेमा प्राविधिक त्रुटि भई २३ गते हुन गएकाले दरखास्त दिने अन्तिम मिति २०८२।०४।२२ गते भएको बेहोरा सरोकारवालाहरूको लागि जानकारी गराइन्छ।

- नी. प्रमुख प्रशासकीय अधिकृत
**पाँचखाल नगरपालिका**

# ...मात्रैको, नागरिकलाई सास्ती

## ...अहिलेको रिफरलको भुक्तानी हुँदैन